संवत् २०८० साल माघ १८ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०६/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना महाशाखा/प्राविधिक शाखा | आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय समपुरक र विषेश अनुदानको लागि तपसिल बमोजिमको योजनाहरु छनौट गर्ने।<br>समपुरकतर्फः<br>१. विकास घर (३ नं. वडा कार्यालय भवन) निर्माण, थाहा-३ ।<br>२. चिसापानी देउखेल चल्ती सडक, थाहा-७ ।<br>३. कमेरो माटो सितापाईला सडक, थाहा-१० ।<br>विषेशतर्फ<br>१. थाहा शित भण्डार (दास्रो चरण) निर्माण/संरक्षण कार्य, थाहा-३ ।<br>२. बागेखोला, कालाभैरव हुदै त्रिवेणी सम्म तटबन्धन, थाहा-३ । |
| २ | राजश्व शाखा | थाहा नगरपालिका राजश्व परामर्श समितिको मिति २०८०/१०/१६ गतेको निर्णय अनुमोदन गर्ने । |
| ३ | प्रशासन शाखा | थाहा नगरपालिका ३ नम्बर वडा अध्यक्ष श्री हिरेन्द्र कुमार रायमाझीलाई थाहा नगरपालिकाको आर्थिक विकास समितिको संयोजक र थाहा नगरपालिकाको प्रवक्ता तोक्ने । |
| ४.१ | योजना महाशाखा | संघ तथा प्रदेशको सम्बन्धीत निकायमा तपसिलको योजनाहरुको लागि बजेट गर्ने।<br>तपसिल<br>क) गहते खोलाखर्क पक्की पुल, थाहा १ र ५ ।<br>ख) ऋषेश्वर मन्दिर जाने झोलुङ्गे पुल, थाहा-४ ।<br>ग जामुने कपासे पक्कीपुल, थाहा ७ र ८ ।<br>घ) बाराही पर्यटन मार्ग, थाहा-६ ।<br>ङ) झम्केश्वरी फुर्के बसन्त पालुङ खोलामा माटरेवल पुल, थाहा-५ ।<br>च) टिष्टुङ स्वास्थ्य चौकी देखी सानो ठाडे झोलुङ्गे पुल, थाहा-११ ।<br>छ) गङ्थोक देखी मेहरा डाँडा झोलुङ्गे पुल, थाहा-११ ।<br>ज) टुपीमाथ कपुगाउँ झोलुङ्गे पुल, थाहा-९ ।<br>झ) फेदीगाउँ घाटदेवी विद्यालय जोड्ने झोलुङ्गे पुल, थाहा-२ ।<br>ञ) भुङ्दल भाङखोरीया मोटरबाटो, थाहा-२ ।<br>ट) बसन्त आधारभुल विद्यालय पहिरो रोकथाम तथा घेराबार, थाहा-५ ।<br>ठ) टौखेल न्हुलगाउँ गुठीघर निर्माण, थाहा-१० ।<br>ड) तल्लो कुलो सिचाई आयोजना, थाहा-१० ।<br>ढ) ठुलो फुके बसन्त सामुदायिक भवन निर्माण, थाहा-५ ।<br>ण) रुप्से झम्केश्वरी विद्यालय झोलुङ्गे पुल, थाहा-१ ।<br>त) नागछेडा खानेपाली आयोजना, थाहा-११ ।<br>त) नाटेश्वर मा.वि. भवन निर्माण, थाहा-१० ।<br>थ) ठाडोखोला मोहिनी झरना फुटट्रेल, थाहा-५ ।<br>द) मुहान ढडेनी खोला बसन्त फुके खानेपानी आयोजना, थाहा-५ । |
| २ | योजना महाशाखा | पुरातत्व विभाग, काठमाण्डौ समक्ष तपसिलको योजनाहरुको लागि बजेट माग गर्ने, पुरातत्व विभागमा नाम समोवेश नभएकाहरुलाई समावेश गरिदिन अनुरोध गर्ने ।<br>तपसिल<br>क) चम्पाकेश्वर मन्दिर स्तरउन्नती, थाहा-१० । |

| | | |
|---|---|---|
| | | ख) कोट दरबार जिणोद्धार, थाहा-६ ।<br>ग सप्तकन्या गुफा स्तरउन्नती/पुनःनिर्माण, थाहा ७ र ८ ।<br>घ) सप्तकन्या गुफा हुदै बथानचुली बथाने राजा राजदरबार स्तरउन्नती, थाहा-८ ।<br>ङ) कालीदेवी मन्दिर पुनःनिर्माण, थाहा-५ । |
| ३ | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत निम्न बमोजिमका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिम मिति २०८०/१०/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने निर्णय गरियो ।<br>तपसिलः<br>• भावना सुवेदी, शिक्षा/शि.प्र. (स्तरवृद्धि गर्ने तह आठौं)<br>• बाल कुमारी भट्टराइ, कृषि/बागवानी (स्तरवृद्धि गर्ने तह छैठौं) |
| ४ | प्रशासन शाखा | थाहा नगरपालिकाको अक्सिजन प्लान्टमा कार्यरत कार्यालय सहयोगी ( भान्छे) श्री नविन चौधरीलाई मासिक रु.३,०००/- थप सुविधा प्रदान गर्ने । |
| ५ | भवन निर्माण तथा इजाजत शाखा | आजको मितिभन्दा अगाडी भवन तथा योजना मापदण्ड निर्देशिका २०७२ र राष्ट्रिय भवन संहिता २०६० अनुरुप बनेका घर नक्साहरु पासको लागि यस नगरपालिकामा दर्ता गरी आवेदन दिनुभएका दरखास्तहरु जुन वडाबाट गर्नुपर्ने सर्जमिनको काम सम्पन्न भई राजस्व दाखिला पनि गरिसकेका तर भवनको पहिलो तथा दोश्रो चरणका इजाजत पत्र लिई नसकेका सेवाग्राहीहरुको लागि यसै निर्णयद्वारा बाधा अड्चन फुकुवा गरि सिधै निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्नको लागि प्रक्रिया अगाडी बढाउन स्वीकृति दिने । |
| ६ | प्रशासन शाखा | थाहा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्यन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्यन प्रतिवेदन स्वीकृत गर्नुअघि प्राविधिक पक्षको अध्यन विष्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न गठन गरिने प्राविधिक समितिको आयोजना र कार्यक्रमसंग सम्बन्धीत क्षेत्रको विज्ञ सदस्य कार्यपालिकाको सिफारिसमा हुने भनिएकोमा उक्त विज्ञ सदस्य सम्बन्धीत सव-डिभिजन वन कार्यालयको प्रमुख वा अधिकृतस्तरको कर्मचारी तोक्ने । |
| ७ | प्रशासन शाखा | थाहा नगरपालिका ६ नंम्बर वडमा रहेको बज्रबाराही अस्थायी प्रहरी चौकीलाई स्थायी गराउन र प्रहरी चौकी भवन माग गर्नको लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने । |
| ८ | प्रशासन शाखा | आर्थिक वर्ष २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि संघीय सरकारले उपलब्ध गराएको प्रणालीमा सूचक बमोजिमको प्रमाणहरु पेश गरेको र जिल्ला समन्वय समिति मकवानपुरबाट प्राप्त पृष्ठपोषणका आधारमा थप प्रमाण तथा पुष्ट्याँईहरु पेश गरेको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल भयो । प्रणालीमा सूचकको आधारमा अपलोड गरेको प्रमाणका आधारमा तपसिलको विषयक्षेत्रमा देहाय बमोजिमको प्राप्ताङ्क रहेको हुँदा सो प्राप्ताङ्कलाई प्रणालीमा अपलोड गर्न स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन फोकल पर्सन श्री भगिरथ कार्कीलाई आदेश दिने र उक्त नतिजालाई आगामी नगर सभाको बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।<br>**तपसिलः**<br>शासकीय प्रवन्ध : ८ अंक<br>संगठन तथा प्रशासन : ५.५ अंक |

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चित्लाङ/पालुङ? ... 

| | | |
|---|---|---|
| | | बजेट तथा योजना व्यवस्थापन : ९.५ अंक<br>आर्थिक व्यवस्थापन : ९.२५ अंक<br>सेवाप्रवाह : १०.५ अंक<br>न्यायिक कार्य सम्पादन : ७ अंक<br>भौतिक पूर्वाधार : ६.५ अंक<br>सामाजिक समावेशीकरण : ९ अंक<br>वातावरण संरक्षण तथा विपद् व्यवस्थापन : ८ अंक<br>सहकार्य र समन्वय : १ अंक |
| ९ | योजना महाशाखा/प्राविधिक शाखा | सक्षम कन्स्ट्रक्सन र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण भईरहको River training works fedigau to trivani (Ifb/ncb/fedigautriveni works-19/78/79) को BOQ मा उल्लेखित भएको अन्य कार्यहरु भईरहेको तर बायो ईन्जिनियरिङ अन्तर्गतको रकम रु.१४,९६,०००।-(अक्षेरुपी रु. चौध लाख छयानब्बे हजार मात्र) मध्ये रु.१२,००,०००।-(अक्षेरुपी रु. बाह्र लाख मात्र) को प्लम कंकिट वाल गर्ने र बाँकी रहेको रकम रु.२,९६,०००।-( अक्षेरुपी रु.दुई लाख छयानब्बे हजार मात्र) बायो ईन्जिनियरिङ काम गर्ने भनि थाहा नगरपालिका २ नम्बर. वडा कार्यालयबाट सिफारिस पत्र प्राप्त हुन आएकोमा माग बमोजिम बायो ईन्जिनियरिङ अन्तर्गतको शिर्षकलाई संसोधन गर्ने निर्णय गरियो । |
| १० | योजना महाशाखा/प्रशासन शाखा | जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, मकवानपुरबाट आ.व. २०८०/०८१ मा थाहा नगरपालिकाको लागि पम्पिङ, खोला, कुलो, नहर निर्माण शिर्षकमा रु.६०,००,०००।- बजेट विनियोजन भएकोमा उक्त शिर्षकलाई तपसिल बमोजिम योजना छुट्टाई अघिल्लो बैठकको निर्णयलाई सच्चाई पठाउने निर्णय गरियो ।<br>तपसिल<br>१.बागेखोला सिचाई तथा जल उपभोक्ता समिति, थाहा-३ : रु.२०,००,०००/- ।<br>२.मुलखोला काग परेको दह राज कुलो सिचाई उपभोक्ता समिति, थाहा-३ : रु.२०,००,०००/- ।<br>३.महादेव खोला तटबन्ध निर्माण उपभोक्ता समिति, थाहा-२ : रु.२०,००,०००/- । |
| ११ | योजना महाशाखा | थाहा नगरपालिका वडा नं. ३ मा civil and electrical works of 2000 MT coldstorage building (थाहा शित भण्डार) निर्माण भईरहेकोमा बजेट अभाव भई निर्माण सम्पन्न गर्न समस्या भएको हुँदा निर्माण लागत अनुमान (ठेकेदार संग सम्झौता भएको) रकम रु.१२,५२,०५,४४९.४१/- रहेकोमा ७०/३० को अनुपातमा निर्माण गर्न यस अगाडी विनियोजन भएको रु. ४ ( चार) करोड समेत गरी रु.८,७६,४३,८१४.५८/- बजेट बागमती प्रदेश, मन्त्रालयमा अनुरोध गर्ने । |
| १२ | योजना महाशाखा | थाहा नगरपालिका वडा नं. ४ को Up grading of Kiteni Road ठेक्का नं. CEN/Kiteniroad-05/079/080 को न्यू ज्योती कन्स्ट्रक्सन संग मिति २०७९/०९/१३ गते सम्झौता भई कार्य सुरुवात गरिएकोमा उक्त योजनाको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौडामा उजुरी परी आयोगको मिति २०७९/१२/०२ गतेको पत्रबाट छानविनको लागि कागजात माग भएको र तत्पश्चात निर्माण कार्य स्थगित भएकोले Bid document Gcc को 72 र 75.2 बमोजिम सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने । |

| | | |
|---|---|---|
| १३ | थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रायणीचौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३ | सडक बोर्ड नेपालको च.नं. ४६७ मिति २०८०/०८/०१ गतेको प्राप्त पत्रानुसार चालु आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि ब.उ.शि.नं. ३३७३१०११३ मा रु.६५,००,०००।- बजेट विनियोजन भई आएकोमा उक्त कार्यक्रमको लागि यस कार्यालयबाट दोबाटो डाँडाबास सडक, थाहा-३ र ७ लाई छनौट गरी पठाउने, साथै उक्त योजनाको लागि समपुरक बजेट रु.३०,००,०००।- यस कार्यालयबाट समेत विनियोजन गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता